# लोक सेवा आयोग

## राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरह (अप्राविधिक) पदको

## आन्तरिक प्रतियोगितात्मक (संयुक्त) लिखित परीक्षा

मितिः- २०८०।०८।३०

समयः ३ घण्टा | पत्रः द्वितीय | पूर्णाङ्कः- १००

बिषयः सार्वजनिक क्षेत्र व्यवस्थापनमा जवाफदेहिता, नैतिकता र व्यावसायिकता।

(Public Accountability, Ethics and Professionalism in Public Sector Management )

तलका प्रश्नहरुको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१. समकालीन वैश्विक तथा स्थान विशेषका नैतिक सिद्धान्त र मूल्यहरुलाई आत्मसात गरी इमान्दारी, पारदर्शी र जवाफदेही ढङ्गबाट सञ्चालन हुने संगठन नै नैतिक संगठन हो। यस्तो संगठनले साधन र साध्य दुवैलाई नैतिक कसीमा राखी सांगठनिक सञ्चालन, निर्णय-निर्माण तथा बाह्य वातावरणसँगको अन्तरक्रियात्मक सम्बन्धका समग्र पक्षमा नैतिक आचरणलाई प्राथमिकता दिन्छ। मूल्य चालित (Value-Driven) संगठनको दूरदृष्टि, ध्येय, मार्ग निर्देशक सिद्धान्त तथा पदाधिकारीका व्यवहार इमान्दारीता, निष्पक्षता, सद्भाव तथा उत्तरदायित्व जस्ता गुणहरुबाट अनुप्राणित हुने गर्दछन्।

आजको संगठनले परम्परागत नैतिक मानकलाई अनुशीलन गर्नुले मात्र पर्याप्त नहुने अवस्था छ। सामाजिक गतिशीलता (Social Dynamics), वैश्विक अन्तरसम्बन्ध, सूचना तथा सञ्चार प्रविधि विकासको परिवर्तित सन्दर्भले समकालीन नैतिक विषयवस्तुमा आयामिक परिवर्तन ल्याएको छ जसको कारण कतिपय नवीनतम वैश्विक नैतिक मानक (New Global Ethical Standards) स्थापित भएका छन्। प्रविधिको विकासले प्रविधिगत तथा डिजिटल नैतिकता (Technological and Digital Ethics), दीगो विकास तथा वातावरणीय नैतिकता तथा सामाजिक न्याय सम्बन्धी नैतिकताको प्रादुर्भाव भएको छ। सरकारी पदाधिकारीहरुसँग रहने पदीय शक्ति, विज्ञतामा आधारित शक्ति, शक्ति संरचनासँगको सम्बन्धको शक्ति तथा सूचनाको पहुँचबाट निसृत शक्तिले नैतिक मानकलाई निष्प्रभावी बनाउने प्रबल सम्भावना सँधै रहन्छ। नेपालको सन्दर्भमा एकातर्फ नैतिक संगठन निर्माणका लागि पूर्वावश्यकताहरु (Prerequisites) को रुपमा रहने परम्परागत नैतिक मानकहरुको अनुपालना गर्नुपर्ने चुनौति छ भने अर्कोतर्फ नवीनतम मानकहरुलाई स्वस्फूर्त रुपमा सम्बोधन गर्न सक्षम हुने गतिशील नैतिक प्रणालीको विकास गर्नुपर्ने चुनौती पनि छ। नैतिक नेतृत्व (Ethical Leadership) को कमी रहेको हाम्रो जस्तो मुलुकमा यस सम्बन्धी सचेतनाको अभाव संगठनको समग्र तहमा देखिनु अस्वभाविक लाग्दैन।

उपर्युक्त संकथनको सन्दर्भमा नेपालका सार्वजनिक संगठनहरुलाई नैतिक संगठनको रुपमा विकास गर्नु अपरिहार्य देखिन्छ। यसको लागि ती संस्थाहरु नैतिक संगठनको रुपमा स्थापित भए नभएको परख गर्नुपर्ने हुन्छ। त्यसैले नैतिक संगठनका पूर्वावश्यकताहरुको मूल्याङ्कन तथा समीक्षा गर्नु नै नैतिक संगठन विकासको प्रस्थान विन्दु हो। अर्कोतर्फ समकालीन नैतिक विषयवस्तुमा आएको आयामिक परिवर्तनलाई पनि एउटा नैतिक संगठनले आत्मसात गर्नुपर्ने हुन्छ।

यस पृष्ठभूमिमा नेपालका सार्वजनिक संगठनहरुलाई नैतिक संगठनको रुपमा विकास गर्ने सन्दर्भमा सो सम्बन्धी विद्यमान अवस्थाको मूल्याङ्कन गर्दै देखापरेका समस्याको विश्लेषण गर्नुहोस्। साथै, नैतिक विषयवस्तुमा आएको आयामिक परिवर्तनलाई समेत सम्बोधन गर्न सक्षम हुने गरी सार्वजनिक संस्थाहरुलाई नैतिक संगठनको रुपमा विकास गर्न अवलम्बन गर्नुपर्ने रणनीति र सो को कार्यान्वयन खाका प्रस्तुत गर्नुहोस्। 25

२. सार्वजनिक उत्तरदायित्वले नागरिक र राजनीतिक नेतृत्वका बीचको यस्तो अन्तरसम्बन्धलाई देखाउँछ जहाँ नागरिकहरुले निर्वाचित राजनीतिकर्मीहरुको कार्यलाई नियमित अनुगमन गर्दछन् र प्रभावकारी सेवा प्रवाहको सुनिश्चितताका लागि वातावरण निर्माण गर्दछन्। सामान्यतयाः बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्था सार्वजनिक उत्तरदायित्व स्थापना गर्ने उत्तम माध्यम हो। यस्तो शासन व्यवस्थामा नियमित निर्वाचन हुने र निर्वाचित भएर आउने पदाधिकारी जनताप्रति उत्तरदायी हुन्छन्। अर्कोतर्फ प्रजातन्त्र नभएका वा निर्वाचनको सुनिश्चितता नभएका देशमा नागरिक आवाजको सुनुवाई कम हुने भएकोले उत्तरदायित्वको कमी हुन्छ। त्यसैले नियमित निर्वाचन प्रणाली नै उत्तरदायित्व स्थापना गर्ने यस्तो माध्यम हो जहाँ जनताले राजनीतिकर्मीको काममा आवधिक निर्वाचनको माध्यमबाट नियन्त्रण गर्न सक्दछन्। परन्तु, प्रजातान्त्रिक देशहरुमा पनि निर्वाचन स्वतन्त्र र धाँधलीरहित भएमा मात्र मतदाताले राजनीतिज्ञमाथि नियन्त्रण गर्न

क्रमशः

सक्छन् । अर्कोतर्फ सार्वजनिक उत्तरदायित्व र सुशासन (Good Governance) एक अर्कासँग अन्योन्याश्रित विषय हुन् । जहाँ राजनीतिज्ञ र कर्मचारीतन्त्र जनताप्रति उत्तरदायी हुन्छन् त्यहाँ सुशासन कायम हुन्छ र भ्रष्टाचार अपेक्षाकृत कम हुन्छ ।

नेपालको सन्दर्भमा कुरा गर्दा नेपालले लामो समयदेखि बहुदलीय प्रजातन्त्रको अभ्यास गरिसकेको छ । त्यस्तै 2072 सालमा नयाँ संविधान जारी भई नेपाल संघीय शासन व्यवस्थाको अभ्यासमा रहेको छ जसको उद्देश्य जनताको घर दैलोमा सेवा प्रवाह गर्नु रहेको छ । संघीयतामा केन्द्र सरकारसहित प्रदेश र स्थानीय सरकार स्वायत्त भएका छन् र कर्मचारी समायोजन समेत भएको छ । दोश्रोपटक तीन तहकै सरकारको निम्ति निर्वाचन सम्पन्न भएको छ । न्यायपालिका र पत्रकारिता समेत स्वतन्त्र छ । यसरी हेर्दा नेपाल सरकार, सरकारमा रहेका राजनीतिज्ञ तथा कर्मचारी जनता प्रति पूर्णरुपमा उत्तरदायी हुनुपर्ने र देशमा सबै जनताले अनुभूत गर्ने गरी सुशासन कायम हुनुपर्ने हो । तर नेपालको सन्दर्भमा हेर्दा माथि उल्लेख गरिए जस्तो अवस्था छैन र सार्वजनिक उत्तरदायित्व तथा सुशासनका सन्दर्भमा समस्या रहेका छन् । जनताले अपेक्षा गरे जस्तो भ्रष्टाचारमा कमी आएको पनि देखिँदैन ।

यस पृष्ठभूमिमा देहायका सन्दर्भमा समाधान प्रस्तुत गर्नुहोस् । 10+6+9=25

क) संघीयतामा प्रवेश गरिसकेपछि सरकार पूर्णरुपमा उत्तरदायी हुने र देशमा सुशासन कायम हुने अपेक्षा गरिएको थियो । परन्तु हालसम्म बाहिरिएका सूचनाहरु अध्ययन गर्दा संघीय ईकाइहरुमा सुशासन र सदाचारितामा समस्या झाँगिदै गएका छन् र सार्वजनिक उत्तरदायित्वमा पनि गिरावट आउँदै गरेको देखिन्छ । किन यसो भएको होला ? समस्या पहिचान गर्नुहोस् । यसमा सुधार ल्याउन के कस्तो नीतिगत व्यवस्था गर्नु पर्ला ? साथै, यस कार्यमा केन्द्र, प्रदेश र स्थानीय सरकारको के के भूमिका हुनुपर्छ ? धारणा प्रस्तुत गर्नुहोस् ।

ख) सार्वजनिक उत्तरदायित्व स्थापनामा न्यायालय तथा पत्रकारिताको क्षेत्रले खेलेको भूमिकाको समीक्षा गर्दै सुधारका क्षेत्र पहिल्याउनुहोस् ।

ग) प्रजातान्त्रिक शासन व्यवस्था र आवधिक निर्वाचन हुने सुनिश्चित भए तापनि राजनीतिक नेतृत्व अपेक्षित रुपमा उत्तरदायी हुन नसक्नुका कारणहरु के के होलान् ? समस्या कहाँ देख्नुहुन्छ ? नेपालको अन्तरिम संविधान, 2063 जारी भएपछि हालसम्मको अवधिलाई आधार मानी आफ्नो विश्लेषण प्रस्तुत गर्नुहोस् । साथै, यसो हुनुमा कर्मचारीतन्त्रको भूमिका के कति जिम्मेवार रहेको पाउनुहुन्छ ? सो समेत उल्लेख गर्नुहोस् ।

३. बिपद् व्यवस्थापनलाई सार्वजनिक प्रशासनको एक विशिष्ट विधाको रुपमा मानिन्छ । नेपालमा यस कार्यलाई धेरै समय कालसम्म गृह प्रशासन एवं सुरक्षा कार्यको एक महत्वपूर्ण कार्यक्षेत्रको रुपमा दैवी प्रकोप (उद्धार) ऐन, 2039 अनुसार व्यवस्थित गर्दै आएको भए तापनि वि.सं. 2074 मा बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, 2074 र वि.सं. 2076 मा यसै सम्बन्धी नियमावली समेत जारी गरी व्यवस्थापन भई आएको छ । साथै, केही समय यता एक स्वायत्त संस्थाको रुपमा स्थापित राष्ट्रिय बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट सबै प्रकारका बिपद्हरुको व्यवस्थापन सम्बन्धी कार्यहरु हुँदै आएको छ । संरचनागत रुपमा प्रधानमन्त्रीको अध्यक्षतामा बहुपक्षीय प्रतिनिधित्व भएको राष्ट्रिय परिषद्देखि संघ, प्रदेश, जिल्ला तथा स्थानीय तहमा समेत विभिन्न समितिहरु कार्यरत छन् । यस बाहेक बिपद् व्यवस्थापनको कार्यमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र नेपाली सेनाहरु परिचालित भई यी निकायहरुबाट विभिन्न प्रकारका बिशिष्ट सेवा प्रदान हुँदै आएको छ । देशको संघीय संरचनामा पनि बिपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्र बनाइएको छ । त्यस्तै बिपद् व्यवस्थापनको लागि बिभिन्न मित्र राष्ट्रहरु र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संगठनहरुको अतिरिक्त सामुदायिक स्तरबाट समेत विभिन्न प्रकारका सहयोग र संलग्नता रहेको छ ।

नेपालमा बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नीतिगत, कानूनी एवं संगठनात्मक व्यवस्था यथेष्ट भएको देखिए तापनि भूकम्प, कोभिड-19 जस्ता महामारी वा बाढी पहिरोको बिपद्पछि तत्काल हुनुपर्ने उद्धार र राहतका कार्यहरुमा खास गरी सरकारी निकायहरुको असम्बेदनशील व्यवहारका कारण ढिलाइ हुने गरेको पाइन्छ । हालै र बिगतमा समेत बिपद् आउनासाथ त्यसको लागि बिद्यमान संस्थागत संयन्त्र प्रयोग नगरी छुट्टै संयन्त्र बनाउने प्रयासहरु पनि नभएका होइनन् । बिपद् पीडितको पुनर्स्थापना र पुनःनिर्माणका कार्यहरु कहिले पनि समयमा हुन सकेको देखिँदैन । उदाहरणको लागि वि.सं. 2072 को भूकम्पपछि हुनुपर्ने पुनःनिर्माणका केही कार्यहरु अझै सम्पन्न नभएको बुझिन्छ । बिपद् व्यवस्थापनको लागि प्राप्त स्वदेशी तथा बिदेशी सहयोग र खर्चको हिसाबमा पारदर्शिता रहेको पनि पाइँदैन । जाजरकोट केन्द्रबिन्दु भई हालै आएको भूकम्पपछि पीडितहरुको राम्रो उद्धार हुन नसकी बढ्दो चिसो मौसमका कारण केही

पीडितहरुको दु:खद् मृत्यु समेत भएको छ। बिपद् आउनुअघि तयार गरी त्यसको पूर्वाभ्यास हुनुपर्ने विभिन्न विषयका बिपद् पूर्वतयारी योजना बन्छन् वा बन्दैनन् स्पष्ट छैन तर जब वर्षेनी लगभग पूर्वनिश्चित जस्तै भएका बाढी/पहिरो जस्ता बिपद् आउँछ, त्यसको लागि समेत पूर्व तयारीको काम भएको आभास हुँदैन।

यस पृष्ठभूमिमा नेपालमा अत्यावश्यक सार्वजनिक सेवाको क्षेत्रमा पर्ने बिपद् व्यवस्थापन सम्बन्धी समस्याहरु पहिचान गर्नुहोस्। यस कार्यलाई सुव्यवस्थित गरी अपेक्षित रुपमा सेवामुखी बनाउन किन सकिएको छैन ? सेवामुखी एवं नतिजामुखी रुपमा समयमै सम्पन्न गर्न विद्यमान नीति, कानूनी एवं सांगठनिक व्यवस्थाको मूल्याङ्कन गर्दै के के सुधार गर्नुपर्ला ? सुधारका लागि कार्यान्वयन कार्ययोजनाको खाका समेत प्रस्तुत गर्नुहोस्। 25

४. सार्वजनिक जीवन (Public Life) का ७ वटा आधारभूत सिद्धान्तहरु निश्वार्थता (Selflessness), नैतिक इमान्दारी (Integrity), वस्तुनिष्ठता (Objectivity), जवाफदेहिता (Accountability), खुलापन (Openness), इमान्दारिता (Honesty) र नेतृत्व (Leadership) रहेका छन्।

सार्वजनिक निकायमा कार्यरत पदाधिकारीले सार्वजनिक हितका निमित्त मात्र निर्णय गर्नु पर्दछ। यस्तो निर्णय आफू, आफ्नो परिवार वा इष्टमित्रको आर्थिक वा भौतिक प्राप्ति वा उपलब्धि/फाईदाका लागि हुनुहुँदैन। गरिने निर्णयमा कुनै पनि प्रकारको स्वार्थको द्वन्द्व (Conflict of Interest) देखिनु हुन्न।

सार्वजनिक पदाधिकारीले कुनै पनि बाहिरी व्यक्ति र निकायको स्वार्थसँग मेल खाने गरी तथा प्रभावमा पर्ने गरी कार्य सम्पादन प्रक्रियामा आफूलाई राख्नु हुँदैन। नैतिक मूल्य र मान्यताबाट अभिप्रेरित रहनु पर्दछ। कार्य सम्पादनका क्रममा भूमिका निर्वाह गर्दा सार्वजनिक नियुक्ति, ठेक्कापट्टा, व्यक्ति विशेषको पुरस्कार र फाईदाको विषयमा योग्यताले मात्र प्राथमिकता पाउने गरी निर्णय गर्नुपर्दछ। सार्वजनिक निकायमा कार्यरत व्यक्ति आफूले गरेको कार्य र निर्णयप्रति स्वयंले जवाफदेहिता वहन गर्न सक्नु पर्दछ र जनपरीक्षण (Public Audit) का लागि सदैव आफूलाई प्रस्तुत गर्न सक्ने हुनुपर्दछ। यस्तो व्यक्ति जनताको बृहत्तर हितका विषयमा बाहेक सम्भव भएसम्म आफ्नो कार्य र निर्णयप्रति खुला र पारदर्शी हुनुपर्दछ र सदैव आफूले गरेका कार्यका लागि उत्तरदायी रहन सक्ने हुनुपर्दछ। सार्वजनिक हितको कार्य सम्पादनका क्रममा आफ्नो स्वार्थका कुनै पनि विषय उपस्थित भएमा त्यस्तो विषयलाई खुला रुपमा राख्न सक्ने इमान्दारीता सार्वजनिक पदाधिकारीमा रहनु पर्दछ। सार्वजनिक पदाधिकारीले सार्वजनिक जीवनका आधारभूत सिद्धान्तहरुको पालना र प्रवर्द्धनका लागि आफूलाई नेतृत्वदायी भूमिकामा राख्न सक्नु पर्दछ र जनताको विश्वास आर्जन गर्न सक्ने हुनुपर्दछ।

उपरोक्त सैद्धान्तिक पृष्ठभूमिको कसीमा नेपालको निजामती सेवालाई दृष्टिगत गर्दै देहायका विषयहरुमा प्रस्तुति दिनुहोस्। 6+19=25

क) नेपालमा सार्वजनिक जीवनका अपेक्षा, समस्या र चुनौतिहरु

ख) सार्वजनिक जीवनका सिद्धान्त अनुरुप नेपालको निजामती सेवालाई प्रवर्द्धन र स्थापित गर्न चाल्नुपर्ने कानूनी, सांगठनिक, सामाजिक, आर्थिक, मूल्यगत तथा संरचनागत सुधार र व्यवस्थाहरु एवं सुधार र व्यवस्थाहरुको कार्यान्वयनको मापन तथा मूल्याङ्कन प्रक्रिया, जिम्मेवारी निर्धारण सहितको कार्ययोजना।

≪ समाप्त ≫